फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:-०८३/८४ — मिति:- २०८३-०६-०७

चलानी नम्बर:- — ने.सं.:- ११४६ ञँलाथ्व १२, बुधबार

## उच्च सतर्कता अपनाउने संम्बन्धी अत्यन्त जरूरी सूचना ।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्वारा मिति २०८३ असोज ५ गते, सोमबार जारी विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । भारीदेखि धेरै भारी वर्षाका कारण नदी तथा खोलामा बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, गेग्रान बहाब तथा डुबानको जोखिम हुने भएकोले उच्च सतर्कता अपनाउन हुन र देहायबमोजिम गर्नु, गराउनु हुन सबैमा अनुरोध गरिन्छ ।

देहाय:-

- उक्त अवधिमा अत्यन्त जरूरी नभई टाढा र रातको समयमा यात्रा नगर्ने । यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने,
- आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका बासिन्दाहरू बढी चनाखो हुने । यस्तो समयमा खोलामा पौडी खेल्ने, माछा मार्ने वा खोला/नदी किनारमा सकभर हिंडडुल नगर्ने,
- बाढी, पहिरो तथा डुबानको जोखिम देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग तत्काल समन्वय गर्ने,
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने,
- पशुचौपाया, खाद्यान्न, औषधी, महत्वपूर्ण कागजात तथा अन्य अत्यावश्यक सामग्री सुरक्षित स्थानमा राख्ने,
- विद्यालयले विद्यार्थीहरू विद्यालय आउँदा र घर फर्कदा बाटोमा हुनसक्ने विपद्जन्य परिस्थितिका बारेमा उच्च चनाखो र सतर्कता अपनाउने,
- सबै स्थानीय तहले आफ्नो आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) लाई ठिक दुरूस्त र High Alert मा राख्ने,
- वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्ने । साथै, विपद्मा मद्दत मागन १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर १११४ मा सम्पर्क गर्ने,
- नेपाल मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी लिइरहनु हुन अनुरोध छ।

०८३/०६/०७
सन्तोष सुवेदी
प्रशासकीय अधिकृत